# आर्थिक वर्ष २०७६।७७

# को

# बजेट वक्तव्य

# छत्रेश्वरी गाउपालिका,

सल्यान

२०७६

छत्रेश्वरी गाउसभाको बैठकमा २०७६ साल आसार ३१ गते

उपाध्यक्षश्री सीता के.सी. द्धारा

प्रस्तुत गर्नुभएको

# आर्थिक वर्ष २०७६।७७ को

# बजेट वक्तव्य

छत्रेश्वरी गाउपालिका,

सल्यान

छत्रेश्वरी गाउँपालिकाको छैठौं गाउँ सभाका अध्यक्ष ज्यु

यस सम्मानीत र गरिमामय सदनमा उपस्थित सदस्य ज्युहरु

संघियता कार्यान्वयनको महत्वपुर्ण सन्दर्भमा ऐतिहासिक स्थानीय तहको निर्वाचन पश्चात यो तेस्रो बजेट अधिबेशन मार्फत छत्रेश्वरी सरकारको आ.व.२०७६।७७ को बजेट तथा कार्यक्रम यस सदनमा प्रस्तुत गर्न पाउदा गौरवको अनुभुति भएको छ । मुलुकमा सघिय लोकतान्त्रिक गणतन्त्र स्थापना गर्न आफ्नो जीवन वलिदान गर्ने सम्पुर्ण महान सहीदहरु, जनआन्दोलनका घाइतेहरु, द्वन्द्वपीडितहरु तथा संघीयता स्थापना गर्न अहम भुमिका खेल्ने सम्पुर्ण व्यक्तिहरु लाई स्मरण गर्न चाहन्छु । हामी दोस्रो बजेट तथा कार्यक्रमलाई सफलता पुर्वक कार्यान्वयनको अन्तिम चरणमा छौं । बजेट कार्यान्वयनमा सहयोग गर्नुहुने सम्पुर्ण छत्रेश्वरी बासी जनसमुदाय, गाउँ सभाका सदस्य ज्युहरु कार्यपालिकाका सदस्य ज्युहरु तथा राष्ट्रसेवक कर्मचारीहरुमा यस गरिमामय सदन मार्फत हार्दिक आभार व्यक्त गर्दछु ।

चालु आर्थिक वर्षमा मुख्यत बजेट खर्च लाई हेभ्वी मेसिनरी औजार संचालन मार्फत महत्वपुर्ण मानिएका सडकको निर्माण तथा स्तरोन्नति, शिक्षा, स्वास्थ्य, खानेपानी लगायतका क्षेत्रमा केन्द्रित गरियो । चालु आ.व. २०७५।७६मा जम्मा बजेट रु ३२ करोड ४ लाख ५१ हजार विनियोजन गरिएकोमा बजेट खर्चको अन्तिम चरणमा रहेको छ । जस मध्य बार्षिक योजनाहरु सबै सम्पन्न भई सकेका छन भने कतिपय बहुवर्षिय योजनाहरु क्रमगत रुपमा संचालनको प्रकृयामा रहेका छन । संघिय सरकार तथा प्रदेश सरकारबाट प्राप्त वितिय समानीकरण अनुदान तर्फको बजेट रु.३ करोड ५० लाख खर्च हुन नसक्ने देखिएकोले आगामी बर्षको कुल बजेटमा समाबेश गरिएको छ ।

जनताका आधारभुत आवश्यकता परिपुर्ति गर्ने र दैनिक जीवनयापनलाई गुणस्तरिय बनाउने सोचका साथ उपलब्ध स्रोत साधन र क्षमताको उचित परिचालन गरी पुर्वाधार विकास लगायत समग्र क्षेत्रको विकास प्रयासलाई सार्थक बनाउने सन्र्दभमा यस गाउँपालिकाले स्थानीय जनताको प्रत्यक्ष सहभागीतामा छनौट भएका योजना तथा कार्यक्रमहरु सुव्यवस्थित र योजनावद्ध ढंगबाट अगाडी बढाउन यहाँहरु सवैको साथ र सहयोग रहने कुरामा विस्वस्त छु ।

आदरनीय अध्यक्ष महोदय,
अव म आगामी वर्षको बजेटका उद्देश्य तथा प्राथमिकता प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

- सार्वजनिक सेवा प्रवाहमा नागरिक पँहुच अभिवृद्धि गर्ने ।
- फराकिलो आर्थिक बृद्धि मार्फत दिगो विकास र सुशासनको प्रत्याभुती गर्ने
- दिगो, समावेशी, उच्चदरको आर्थिक वृद्धि हासिल गर्ने ।
- सार्वजनिक सेवामा नागरिक पहुच वृद्धिगर्ने ।
- रोजगारी सृजना र आय आर्जनका माध्यामबाट नागरिकको जीवनस्तरमा सुधार ल्याउने ।

आगामी आव को बजेटका प्राथमिकताहरु देहाय बमोजिम निर्धारण गरेको छु ।

१) सफा शुद्ध र स्वच्छ खानेपानीमा सबै गाउपालिकाबासीको पहुच वृद्धि गर्ने ।

२) विद्युत तथा उर्जा क्षेत्रको विकासमा जोड दिने ।

३) शिक्षा क्षेत्रमा लगानी बृद्धि गरी  मानव विकासमा जोडदिने ।

४) कृषि तथा पशुपालन क्षेत्रमा उत्पादन र उत्पादकत्व बृद्धि गर्ने ।

५) सडक तथा पुर्वाधार विकासमा जोड दिई नागरिक पहुच अभिबृद्धि गर्ने ।

६)सबै नागरिकमा गुणस्तरिय र निःशुल्क स्वास्थ्य सेवाको पहुच विस्तार गरी स्वस्थ जिवनयापनमा सहयोग गर्ने ।

७)महिला दलित जनजाति अपांग जेष्ठ नागरिक लगायत लक्षित समुदायको क्षमाता विकासमा जोड दिने ।

८)आधुनिक सुचना तथा प्रविधिको माध्याम सेवा प्रवाहलाई प्रभावकारी र गुणस्तरिय बनाई विद्युतिय शासन प्रत्याभुत गर्ने ।

आदरनिय अध्यक्ष महोदय,

१.आगामी आ.व. २०७६।७७ को बार्षिक आम्दानी संघिय सरकारबाट प्राप्त बितिय समानिकरण अनुदान रु ८ करोड ९३ लाख, शसर्त अनुदान रु १५ करोड ५ लाख, राजश्व बाँडफाँड रु ७ करोड २८ लाख, प्रदेश सरकारबाट प्राप्त वितिय समानीकरण अनुदान रु १ करोड ४६ हजार राजश्व बाँडफाड रु ७ लाख ६८ हजार र गत आ.व.को बचत रु ३ करोड ५० लाख र आन्तरिक आम्दानी रु ५० लाख गरी जम्मा रु ३६ करोड ३४ लाख १४ हजार अनुमानित गरिएको व्यहोरा यस सम्मानीत सदनमा अवगत गराउन चाहन्छु । बजेटमा संघिय सरकार तथा प्रदेश सरकारबाट प्राप्त हुने समपुरक अनुदान र विशेष अनुदान समाबेश गरिएको छैन । त्यस्तो अनुदान प्राप्त भए पश्चात यसै बजेटको अंश भैजाने व्यहोरा अनुरोध गर्न चाहन्छु ।

२.कुल अनुमानित आम्दानी मध्ये कार्यालयको प्रशासनिक तथा संचालन खर्च, मेशिनरी औजारका लागी इन्धन खरिद, शिक्षा स्वास्थ्यका क्षमाता विकास कार्यक्रम, कृषि तथा पशु सम्बन्धी कार्यक्रमका लागी १० करोड १३ लाख २४ हजार र संघिय सरकारबाट निर्धारित शसर्त कार्यक्रमका लागी रु १५ करोड ५ लाख गरी जम्मा चालु तर्फ २५ करोड १८ लाख २४ हजार अर्थात ६९.३० प्रतिशत बजेट बिनियोजन गरिएकोछ भने शिक्षा, स्वास्थ्य , खानेपानी, विद्युत तथा वडा समितिबाट पेश भएका योजना समेत गरी जम्मा पुजिँगत तर्फ रु ११ करोड १५ लाख ९० हजार अर्थात ३०.७० प्रतिशत बजेट विनियोजन गरिएकोछ ।

३.विद्यालय शिक्षाको शैक्षिक तथा व्यवस्थापकीय पक्षमा सुधार गर्न गत बर्ष देखि नै उच्च पहल गरिए पनि उत्साहजनक उपलब्धी हासिल गर्न नसकीएको यर्थातता हाम्रा सामु छ । तर पनि यो अलि बृहत क्षेत्र भएकोले क्रमिक सुधारको अपेक्षा सहित यो वर्ष पनि उच्च प्राथमिकतामा राखिएको छ । विद्यालय शिक्षा तर्फ शिक्षक जनशक्ति व्यवस्थापन, शिक्षक क्षमाता विकास तालिम, पुर्वाधार विकास गरी करीब २ करोड २४ लाख रकम विनियोजन गरिएको छ । जस मध्ये शारदा क्याम्पस शंखमुलमा उच्च

सुविधायुक्त पुस्तकालय बनाउन र फर्निचर व्यवस्थापन गर्न बजेट विनियोजन गरिएको छ । गाउँपालिका करार शिक्षकको तलव सुविधाका लागी बजेट व्यवस्था गरिएको छ ।

४.खेलकुद मानव स्वास्थ्यका लागी महत्वपुर्ण कुरा हो । गाउँपालिकामा एकिकृत र व्यवस्थित ढंगबाट खेलकुद संचालन गर्न र दैनिक योगा संचालनका लागी यसै वर्ष कर्वड हल स्थापना गर्न १० लाख बजेट विनियोजन गरिएको छ ।

५.कर्णाली प्रदेश सरकारको समपुरक अनुदान र गाउँपालिकाको सभ्फेदारीमा हालै संचालनमा ल्याइएका पन्नेताल खानेपानी आयोजना र ज्यामिरे खानेपानी आयोजनालाई संचालन बाधा नहुने गरी क्रमागत बजेट व्यवस्था गरिएको छ । साथै चालु आ.व.२०७५।७६ मा कर्णाली प्रदेश सरकारबाट प्राप्त समपुरक अनुदान रु १ करोड १० लाखलाई तत् योजनामा खर्च गर्ने व्यवस्था मिलाइएको छ ।

६.लान्ती खानेपानी, दमाचौर खानेपानी योजनाको DPR अध्यायन कार्य समाप्त भएकोले क्रमागत रुपमा संचालन गर्दै जाने गरी लान्ती खापामा रु १४ लाख र दमाचौर खापामा रु ४० लाख बजेट विनियोजन गरिएको छ । साथै लेखपोखरा खानेपानी आयोजनामा रु १४ लाख र वडा नं २ को चुचेपोखरा खोरबारे खानेपानी योजनामा रु २० लाख बजेट व्यवस्था गरिएको छ ।

७.छत्रेश्वरी सती पिठको धार्मिक तथा पर्यटकीय महत्व सँग जोडिएको शंखमुलमा धार्मिक तथा एतिहासिक पार्क निर्माण कार्य प्रारम्भको चरणमा रहेकोले उक्त योजनामा रु ५८ लाख बजेट विनियोजन गरिएको छ ।

८.कृषि विकास तर्फ कृषकको मागमा आधारित तालिम गोष्ठी, विउविजन, कृषि औजार अनुदान, आधुनिक प्रविधिको प्रयोग लगायत कृषि व्यवसायको प्रवर्द्धन र विकासका कार्यमा खर्च हुने गरी रु ३४ लाख बजेट विनियोजन गरिएको छ ।

९.कृषकको पशु स्वास्थ्य अवस्था सुधार गर्ने र उन्नत पशुपालनमा प्रर्वद्धन गर्ने, पशुपालनलाई व्यावसायिकता तर्फ लैजाने तथा पशु स्वास्थ्य सेवालाई कृषकको घरदैलो सम्म पहुच पुऱ्याउने उद्देश्यका साथ पशु सेवा तर्फ रु ३४ लाख  बजेट व्यवस्था गरिएको छ । पशु सेवा केन्द्रबाट कृतिम गर्भाधान सेवा संचालन भई सकेकोले यसको निरन्तरताको लागी पनि उचित बजेट व्यवस्था गरिएको छ ।

१०.आर्युबेद स्वास्थ्य र अन्य स्वास्थ्य संस्थाहरुबाट स्वास्थ्य प्रवर्द्धनात्मक कार्यक्रम संचालन गर्ने, नियमित औषधी उपकरण आपुर्ति गर्ने, सबै नागरिकमा स्वास्थ्य पहुच अभिबृद्धि गर्न स्वास्थ्य शिविर संचालन, जेष्ठ नागरिक घर दैलो स्वास्थ्य उपचार कार्यक्रम, सुत्केरीलाई गाउँपालिकाको पोषण उपहार कार्यक्रम लगायतका कार्यक्रम संचालन गर्न रु ३० लाख बजेट विनियोजन गरिएको छ ।

११. सबै स्वास्थ्य चौकी तथा प्राथमिक स्वास्थ्य केन्द्रबाट सुरक्षित प्रसुति सेवा नियमिति संचालन भई रहे पनि यसको सेवालाई विस्तार गरी गाउँपालिका नै घरमा हुने सुत्केरी शुन्य पार्न क्रमश  पुर्वाधार विकास गर्दै थप बर्थिङ सेन्टर स्थापनाका र एम्बुलेन्स खरिदका लागी जम्मा रु ४१ लाख बजेट विनियोजन गरिएको छ ।

१२.महिला दलित आदिबासी जनजाति अपांगता भएका व्यक्ति समाबेश हुने गरी यस बर्ष शसक्तिकरण, क्षमाता विकास र उद्यमशिलता प्रवर्द्धनका कार्यक्रम अभियान कै रुपमा संचालन गर्ने निति अनुसार

शशक्तिकरण तथा समाबेशी विकासका लागी तालिम तथा कार्यक्रम संचालन गर्न प्रत्येक वडा कार्यालय मार्फत आवश्यक बजेट व्यवस्था मिलाईको छ ।

१३. वडा समिति मार्फत विभिन्न बस्ती स्तर हुदै छनौट भई आएका योजनाहरुलाई प्राथमिकताका आधारमा उचित स्थान दिइ क्रमशः सम्वोधन हुने गरी रु ४ करोड ३ लाख रकम विनियोजन गरिएको छ । वडा समिति मार्फत छनौट भई आएका योजनाहरुमा  शिक्षा कृषि पशु स्वास्थ्य सेवा सार्वजनिक निर्माण खानेपानी सडक तथा लक्षित समुदायको उत्थान र विकासलाई विशेष प्राथमिकता दिइ उचित वजेट रकमको व्यवस्था गरिएको छ ।

१४.स्थानीय सरकार संग सहकार्य गर्न आउने विकास साझेदार निकाय द्धारा संचालित कार्यक्रममा उचित रुपमा समपुरक कोषको व्यवस्था गरिएको छ ।

१५.यस बजेट तथा कार्यक्रममा समाबेश गरिएका प्रस्तावित चालु प्रशासनिक तथा संचालन खर्च र क्षेत्रगत सिमा अनुसार विनियोजित सम्पुर्ण चालु तथा पुजीँगत आय व्ययको विस्तृत विवरण संलग्न अनुसुची अनुसार रहेको व्यहोरा यस सम्मानित सदनमा जानकारी गराउन चाहन्छु ।

१६. अव म यस आ.व.२०७६।७७ मा छत्रेश्वरी स्थानीय सरकारको राजश्व संकलन तथा परिचालन सम्बन्धी नीती तथा कार्यक्रम प्रस्तुत गर्न गैरहेको छु ।

आन्तरिक आम्दानी बृदि तथा करका दर र दायरालाई समयनुकूल परिमार्जन तथा परिचालन गर्न नसकेमा गाउँपालिका समृद्ध र आत्मानिर्भर बनाउने सपना साकार पार्न सकिदैन । त्यसैले आन्तरिक आम्दानी व्यवस्थीत गर्न करको दर तथा दायरा बढाउदै जानु पर्ने अवस्था छ । त्यसैले यस आ.व.२०७६/७७ का लागी निर्धारण गरिएको कर तथा राजश्वको दरलाई अनूसूचीमा उल्लेख भए बमोजिम लागु हुने गरी गाउँपालिकाको आ. व. २०७६।७७ को अर्थ विद्येयक यहाँहरु समक्ष प्रस्तुत गरेको छु ।

अन्तमा यस आ.व.२०७६/७७ को बजेट तथा कार्यक्रम तर्जुमा गर्दा मलाई राय सल्लाह सहयोग र सुझाव दिने राजनितिक दलका प्रतिनिधी, बद्धिजिबी, समाजसेवी,संचारकर्मी सरकारी तथा गैर सरकारी निकायहरु, नागरिक समाज, आम नागरिक गाउँ सभाका सदस्य ज्युहरु तथा अहोरात्र खटिएर काम गर्नेराष्ट्र सेवक कर्मचारीहरुको ठुलो योदान रहेको छ । यहाँहरु सवैलाई आभार एवं हार्दिक धन्यवाद ज्ञापन गर्न चाहन्छु ।

**धन्यबाद**